स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेड
Swarojgar Laghubitta Bittiya Sanstha Limited

नेपाल राष्ट्र बैंक बाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था (राष्ट्रिय स्तर कार्यक्षेत्र भएको)

केन्द्रीय कार्यालय: बनेपा-५, काभ्रेपलाञ्चोक
फोन नं.: ०११-६६१०६०, ६६५३४८
ईमेल: info@slbbl.com.np
वेबसाईट: www.slbbl.com.np

Unaudited Interim Financial Statement

Condensed Statement of Financial Position
As on Quarter Ended 31st Ashwin 2083

Amount in NPR

Particulars	This Quarter Ending	Immediate Previous Year Ending
Assets		
Cash and Cash Equivalent	887,125,075.54	946,530,429.70
Statutory Balances and due from Nepal Rastra Bank	113,473,811.12	58,356,038.12
Placement with Bank & Financial Institutions	-	-
Derivative Financial Instruments	-	-
Other Trading Assets	-	-
Loan and advances to MFIs & Cooperatives	-	-
Loans and Advances to Customers	11,942,625,292.97	10,722,229,298.82
Investment Securities	1,000,000.00	1,000,000.00
Current Tax Assets	-	8,469,677.73
Investment Property	-	-
Property and Equipment	59,042,979.30	46,404,103.38
Goodwill and Intangible Assets	-	-
Deferred Tax Assets	20,947,992.67	15,365,518.00
Other Assets	123,612,006.18	83,617,707.18
Total Assets	**13,147,827,157.77**	**11,881,972,772.92**
Liabilities		
Due to Bank and Financial Institutions	-	-
Due to Nepal Rastra Bank	-	-
Derivative Financial Instruments	-	-
Deposits from Customers	6,001,331,216.59	5,613,088,254.30
Borrowings	5,031,605,486.90	4,442,157,318.17
Current Tax Liabilities	22,675,692.06	-
Provisions	60,671,006.12	43,683,505.20
Deferred Tax Liabilities	-	-
Other Liabilities	335,499,488.43	247,904,349.36
Debt Securities Issued	-	-
Subordinated Liabilities	-	-
Total Liabilities	**11,451,782,890.10**	**10,346,833,427.03**
Equity		
Share Capital	979,974,180.43	895,633,630.43
Share Premium	-	-
Retained Earnings	297,997,358.30	286,782,567.36
Reserves	418,072,728.94	352,723,148.10
Total Equity	**1,696,044,267.67**	**1,535,139,345.89**
Total Liabilities and Equity	**13,147,827,157.77**	**11,881,972,772.92**

Condensed Statement of Profit or Loss
For the Quarter Ended 31st Ashwin 2083

Amount in NPR

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto this Quarter	This Quarter	Upto this Quarter
Interest Income	394,517,862.38	394,517,862.38	338,472,801.86	338,472,801.86
Interest Expense	179,268,097.51	179,268,097.51	161,218,833.51	161,218,833.51
Net Interest Income	**215,249,764.87**	**215,249,764.87**	**177,253,968.35**	**177,253,968.35**
Fee and Commission Income	29,066,668.57	29,066,668.57	24,230,541.77	24,230,541.77
Fee and Commission Expense	69,454.00	69,454.00	196,798.00	196,798.00
Net Fee and Commission Income	**28,997,214.57**	**28,997,214.57**	**24,033,743.77**	**24,033,743.77**
Net Interest, Fees and Commission Income	**244,246,979.44**	**244,246,979.44**	**201,287,712.12**	**201,287,712.12**
Net Trading Income	-	-	-	-
Other Operating Income	29,095.25	29,095.25	435.86	435.86
Total Operating Income	**244,276,074.69**	**244,276,074.69**	**201,288,147.98**	**201,288,147.98**
Impairment Charge/(reversal) for Loans and Other Losses	4,545,234.35	4,545,234.35	23,728,891.50	23,728,891.50
Net operating income	**239,730,840.34**	**239,730,840.34**	**177,559,256.48**	**177,559,256.48**
Operating Expense				
Personnel Expenses	101,529,241.87	101,529,241.87	82,308,371.40	82,308,371.40
Other Operating Expenses	30,543,187.50	30,543,187.50	23,833,539.37	23,833,539.37
Depreciation & Amortization	3,669,383.50	3,669,383.50	2,830,247.54	2,830,247.54
Operating Profit	**103,989,027.46**	**103,989,027.46**	**68,587,098.17**	**68,587,098.17**
Non-Operating Income	4,312,926.59	4,312,926.59	4,222,375.25	4,222,375.25
Non-Operating Expense	114,615.98	114,615.98	-	-
Profit before Income Tax	**108,187,338.07**	**108,187,338.07**	**72,809,473.42**	**72,809,473.42**
Income Tax Expense				
Current Tax	34,989,087.95	34,989,087.95	22,161,503.91	22,161,503.91
Deferred Tax	-	-	-	-
Profit for the Period	**73,198,250.12**	**73,198,250.12**	**50,647,969.50**	**50,647,969.50**

Condensed Statement of Comprehensive Income

Amount in NPR

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto this Quarter	This Quarter	Upto this Quarter
Profit or Loss for the Period	**73,198,250.12**	**73,198,250.12**	**50,647,969.50**	**50,647,969.50**
Other Comprehensive Income	**-**	**-**	**-**	**-**
Total Comprehensive Income for the period	**73,198,250.12**	**73,198,250.12**	**50,647,969.50**	**50,647,969.50**
Earnings per share				
Basic Earnings Per Share		7.47		6.46
Annualized Basic Earnings Per Share		29.88		25.84
Diluted Earnings Per Share		29.88		25.84

Ratios as per NRB Directive

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto this Quarter	This Quarter	Upto this Quarter
Capital Fund to RWA		12.23%		12.02%
Non-performing loan (NPL) to Total Loan		8.24%		7.37%
Total Loan Loss Provision to Total NPL		36.67%		35.38%
Cost of Funds		6.68%		7.44%
Credit to Deposit and Borrowing Ratio		110.01%		107.81%
Base Rate		11.12%		12.10%
Interest Rate Spread		7.59%		7.51%

Statement Of Distributable Profit or Loss
For the QTR End of Ashwin 2083
(As per NRB Regulation)

Amount in NPR

Particular	Current Year Upto this QTR	Previous Year Corresponding QTR
Net Profit or (Loss) as per Statement of Profit or Loss	**73,198,250.12**	**50,647,969.50**
Appropriation :		
a. General Reserve	(14,639,650.02)	(10,129,593.90)
b. Capital Redeemption Reserve		
c. Exchange Fluctuation Fund		
d. Corporate Social Responsibility Fund	(731,982.50)	(506,479.70)
e. Employee Training Fund	1,413,565.54	(184,570.40)
f. Client Protection Fund	(2,195,947.50)	(1,012,959.39)
g. Other - Share Issue Expenses	(20,000.00)	(366,707.00)
Profit or (loss) Before Regulatory Adjustment	**57,024,235.64**	**38,447,659.12**
Regulatory Adjustment :		
a. Interest receivable (-)/previous accrued interest received (+)	(2,637,316.24)	1,312,829.19
b. Deferred Tax Assets Recognized(-)/Reversal(+)	-	-
c. Others : Actuarial Gain of OLTEB Recognized (-)/Reversal(+)	-	-
Net Profit for the QTR End Ashwin available for distirubtion	**54,386,919.40**	**39,760,488.31**
Opening Retained Earning as on Shrawan 1	**286,782,567.36**	**182,816,632.82**
Adjustment (+/-)		
a. Corporate Social Responsibility Expense	1,538,436.00	28,325.00
b. Received from Acquisition of Wean Nepal Laghubitta Bittiya Sanstha Limited	(44,710,564.46)	-
Distribution :		
Bonus Share Issue	-	-
Cash Dividend Paid	**-**	**-**
Total Distributable Profit or (Loss) as on QTR End Ashwin	**297,997,358.30**	**222,605,446.13**
Annualised Distributable Profit/Loss per Share	**30.41**	**28.40**

Interest Rate			
Deposit	7.5% - 14.21%	Loans and Advances	11.08% - 15%

Notes :

1. Above financial statements are prepared in accordance with Nepal Financial Reporting Standards(NFRS) and certain Carve-outs issued by the Institute of Chartered Accountants of Nepal (ICAN) except guidlines of Expected Credit Loss (ECL) as required by NFRS 9.
2. Loans and Advances includes Interest receivables are presented net of impairment charges.
3. No Actuarial Valuation has been done.
4. Personnel Expenses also include employee's bonus provision.
5. Previous period figures are regrouped/rearranged/restated wherever necessary for consistent presentation and comparison.
6. The above figures are subject to change upon otherwise as per the direction of the Regulators and/or Statutory.Auditor.

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १४, नियम २६ को उपनियम (१) सँग सम्बन्धित आ.व. २०८३/०८४ को प्रथम त्रैमासिक प्रतिवेदन (२०८३/०६/३१)

१) **वित्तीय विवरण** :

क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ । साथै वित्तीय संस्थाको Website: www.slbbl.com.np मा पनि प्रकाशन गरिएको छ ।

ख) **प्रमुख वित्तीय अनुपातहरु** :

प्रतिशेयर आम्दानी	मूल्य आम्दानी अनुपात	प्रतिशेयर नेटवर्थ	प्रतिशेयर कूल सम्पत्तिको मूल्य	तरलता अनुपात
रु. २९.८८ (वार्षिकीकरण)	२७.७८ Times	रु.१७३.०७	रु.१,३४१.६५	१६.६७%

२) **व्यवस्थापकीय विश्लेषण** :

क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी विवरण** : समिक्षा आ.व.को प्रथम त्रैमासिक अवधि सम्ममा बैंक/वित्तिय संस्थाबाट प्राप्त कर्जा सापटिको घट्दो व्याजदरका कारण संस्थाको कुल मौज्दात र आम्दानीमा सन्तोषजनक प्राप्ती रहेता पनि लघुवित्तको कर्जामा लगाइएको आधार दरको सीमा, सामाजीक रुपमा लघुवित्त विरुद्ध गतिविधि गर्ने समुह लगायतले समाजमा फैलाएका विकृती तथा विसंगती, आदीले यथोचित रुपमा व्यवसाय वृद्धि तथा कर्जा असुलीलाई उचित व्यवस्थापन गर्न चुनौतीपूर्ण रहेको यथार्थलाई स्वीकार्दै सोको व्यवस्थापन सम्बन्धमा उचित तवरले जनशक्ति परिचालन तथा प्रभावकारी व्यवस्थापन भइरहेको छ । लघुवित्त क्षेत्रमा देखिएको विषम परिस्थितिका कारण सदस्यहरुमा बैंकिङ्ग अनुशासन हराउनुले खराब कर्जाको वृद्धीदर बढ्दै जानुले कर्जा जोखिम व्यवस्थापनमा अत्यन्तै कठिनाई उत्पन्न भएको छ । हाल वित्तीय संस्थाका केही सदस्य तथा सदस्यका परिवारका सदस्यहरू रोजगारी तथा व्यवसायका लागि विभिन्न मुलुकमा रहेका छन् । पछिल्लो समय अन्तर्राष्ट्रिय स्तरमा देखिएको आर्थिक मन्दी, रोजगारी तथा आयआर्जनमा आएको अनिश्चितता, वैदेशिक रोजगारीसँग सम्बन्धित विभिन्न चुनौती तथा विप्रेषण आप्रवाहमा पर्न सक्ने प्रभावका कारण विदेशमा रहेका सदस्य तथा सदस्यका परिवारको आम्दानी तथा नियमित किस्ता भुक्तानी क्षमतामा असर पर्न सक्ने अवस्था देखिएको छ । यसका कारण आगामी दिनमा कर्जा असुली प्रक्रियामा थप दबाव सिर्जना हुन सक्ने तथा कर्जा गुणस्तरमा समेत असर पर्न सक्ने सम्भावना रहेको छ । यद्यपी संस्थाले उपलब्ध स्रोत साधनको सहि प्रयोग गर्दै विपन्न वर्गका सदस्यहरुको आवश्यकता पुरा गर्न संस्था दृढ रहेको छ । अर्थतन्त्रको सुस्तता, लघुवित्त संस्था विरुद्ध समाजमा फैलाएका अफवाह तथा विसंगती, अन्तर्राष्ट्रिय स्तरमा हाल भइरहेका गतिविधि जस्ता कठिनाईहरु निरन्तर रहेमा आगामी दिनहरुमा योजना अनुरुपको प्रतिफल हासिल गर्न कठिन हुने देखिन्छ, यद्यपी वित्तीय बजारमा रहेको तरलताको व्याजदरमा भएको कमी र संचालन लागतमा पनि नियन्त्रण गर्दै लक्ष्य अनुसारको मूनाफा प्राप्ति तर्फ संस्था अग्रसर रहेको छ ।

ख) **आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण** : राष्ट्रिय स्तरको यस लघुवित्त वित्तीय संस्थाले हाल ३९ जिल्लामा कुल १०८ वटा शाखा कार्यालयहरु मार्फत १६४,५४० गरीब तथा विपन्न महिलाहरुलाई सदस्य बनाई सेवा प्रदान गरीरहेको छ । संस्थाले कृषि, पशुपालन, सेवा व्यवसाय तथा लघुउद्यम जस्ता व्यवसायहरु संचालनको लागि विशेष गरी महिलाहरुलाई केन्द्रीत गरेर लघुवित्त सेवा प्रदान गर्दै आईरहेको छ । ठुला पशुपालन व्यवसायका लागी पशु बिमा हुने गरी पशु कर्जा उपलब्ध गराउदै आएको तथा भविष्यमा यसलाई थप प्रभावकारी ढङ्गले लैजाने योजना रहेको छ ।

वित्तीय संस्थाले सदस्यहरुलाई लघु उद्यमशिल बनाउने अभिप्रायले समय-समयमा सिपमूलक तालिम तथा वित्तीय साक्षरता सम्बन्धि कार्यक्रमहरु संचालन गर्दै आइरहेको छ, साथै लक्षित वर्गहरुमा सुलभ वित्तीय पहुँच उपलब्ध गराउने अभिप्रायले अझ प्रभावकारी रुपमा परिष्कृत सेवा तथा सुविधाको विस्तार गर्ने लक्ष्य रहेको छ । कर्मचारीको कार्य दक्षता वृद्धिका लागि विविध प्रकारका तालिमहरु प्रदान गर्दै आइरहेको तथा आगामी दिनहरुमा बढि भन्दा बढि कर्मचारीहरुलाई उक्त तालिमहरुमा सहभागी गराई संस्थाको उत्पादकत्व वृद्धि गर्ने लक्ष्य रहेको छ । कर्जा असुली तथा जोखिमलाई व्यवस्थापन गर्न कर्जा जोखिमको पहिचान, मापन, अनुगमन र नियन्त्रण गर्न संस्थाले प्रत्यक्ष अनुगमन प्रणालीको विकास गरि परिचालन गर्दै आएको छ । समय सापेक्ष ग्राहकको चाहना अनुसार सेवा तथा सुविधाहरुमा परिष्कृत गर्दै लैजान व्यवस्थापन प्रतिवद्ध रहेको छ ।

नयाँ प्रविधिको प्रयोगलाई जोड दिदै संस्थाको दैनिक क्रियाकलाप, सदस्यहरु तथा ऋणीहरुलाई समेत थप प्रभावकारी रुपमा सेवा प्रदान गरिरहेको छ, सुचना प्रविधिको अधिकतम उपयोग गरि सेवा विस्तार, कार्यकुशलता तथा उत्पादकत्वमा अभिवृद्धि गरीने छ, साथै देशका विभिन्न स्थानमा लघुवित्त सेवाको आवश्यकता पहिचान तथा प्रविधिमा थप लगानी गर्दै जानेमा व्यवस्थापन सकारात्मक रहेको छ ।

संस्थाले आधुनिक बैंकिङ प्रणालीको प्रयोग गर्दै प्रत्येक कारोबारको जानकारीका लागी SMS Alert तथा e-Sewa, Khalti सँग सहकार्य गरी सदस्यहरुलाई बचत तथा किस्ता भुक्तानीको लागी सहजीकरण र सदस्यहरुको दैनिक कार्य भुक्तानीका लागी Mobile Banking App तथा वस्तु तथा सेवा बिक्री बापतको रकम प्राप्तीका लागी QR Code service को प्रयोग गर्दै आएको छ, साथै आगामी दिनहरुमा आधुनिक बैंकिङ प्रणालीको प्रयोगमा अझ विस्तार गर्दै लैजाने योजना रहेको छ ।

ग) **विगतको अनुभवबाट, संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा असर पार्न सक्ने घटना आदी भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण** : विगतको अनुभवबाट जुन किसिमले सेवा विस्तार गरेको छ, सो बाट संस्थाले राखेका लक्ष्यहरु पुरा भएको हुँदा आगामी वर्षहरुमा पनि सबै लक्ष्यहरु समयमा नै हासिल हुनेमा व्यवस्थापन विश्वस्त छ । साथै नकारात्मक असरले पार्न सक्ने घटना हुन नदिन संस्था सचेत छ ।

३) **कानूनी कारवाही सम्बन्धी विवरण** :

क) त्रैमासिक अवधिमा यस संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको छैन र त्यस्तो कुनै सूचना प्राप्त भएको पनि छैन ।

ख) यस संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको बारे कुनै जानकारी प्राप्त भएको छैन ।

ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।

४) **लघुवित्त वित्तीय संस्थाको शेयर कारोबार तथा प्रगतिको विश्लेषण** :

क) शेयर कारोबार धितोपत्र बजारबाट निर्देशित रहने हुँदा यस संस्थाको शेयर कारोबार दोश्रो बजारमा सकारात्मक रहेको छ । लगानीकर्ताहरुको यस संस्था प्रतिको विश्वास उच्च रहेको हुँदा संस्थाको व्यवसायिक अभिवृद्धि सँगै कारोबार मूल्य सकारात्मकता तर्फ उन्मुख भएको र भविष्यमा पनि सकारात्मकता तर्फ उन्मुख हुने अपेक्षा गरिएको छ ।

ख) नेपाल स्टक एक्सचेन्ज लि. को वेभसाइट अनुसार मिति २०८३/०४/०१ देखि २०८३/०६/३१ सम्मको अवधिमा संस्थाको शेयरको कारोबार विवरण निम्न अनुसार भएको देखिन्छ ।

अधिकतम मूल्य	न्युनतम मूल्य	अन्तिम मूल्य	कारोबार दिन	कारोबार संख्या
रु.८६०.००	रु.७६१.९०	रु.८२९.९०	६१	२,५०२

५) **समस्या तथा चुनौती** :

आन्तरिक समस्या तथा चुनौतीहरु:

- दक्ष जनशक्ति विदेश पलाएन,
- भौगोलिक कठिनाईका कारण कर्मचारीको उत्पादकत्व क्षमतामा आउन सक्ने ह्रास,
- उत्पादनशिल क्षेत्रमा भन्दा पनि खपतका लागी कर्जा लगानी भएको हुँदा कर्जा विस्तारमा कमि हुनु,
- बढ्दो संचालन लागत,

वाह्य समस्या तथा चुनौतीहरु:

- सदस्यहरुमा भएको कर्जा लगानीको दोहोरोपना र एकै कार्यक्षेत्रमा संचालित लघुवित्त वित्तीय संस्थाहरु बीच हुने अस्वस्थ वित्तीय प्रतिस्पर्धा,
- देशको वित्तीय क्षेत्रमा देखिएको संकुचन,
- सदस्यहरुद्वारा उत्पादित वस्तु तथा सेवाहरुको अव्यवस्थित बजार व्यवस्थापन,
- नियमनकारी निकायबाट फेरबदल हुन सक्ने नीति तथा नियमहरु,
- लघुवित्त क्षेत्रमा देखिएको उतार चढाव तथा विषम परिस्थितिले सृजना गरेको किस्ता नतिर्ने प्रवृत्ति,
- वस्तु तथा सेवाहरुमा भएको उच्च मूल्य वृद्धि,

रणनीतिहरु:

- न्यून आय भएको वर्गलाई वित्तिय पहुँच पुऱ्याउदै सदस्य तथा ऋणी सङख्यामा वृद्धि गरिनेछ,
- उत्पादनशिल क्षेत्रमा लगानीका अवसरहरुको निरन्तर खोजी गरिनेछ,
- कृषि तथा पशुपालन क्षेत्रमा आधारित कर्जालाई प्राथमिकता दिईनेछ,
- कर्मचारीहरुको कार्य दक्षता वृद्धिका लागि विविध प्रकारका तालिमहरु प्रदान गर्न विशेष जोड दिईनेछ ।

६) **संस्थागत सुशासन** : संस्थागत सुशासन अभिवृद्धिका लागि संस्था सदैव प्रतिबद्ध रहेको छ । संस्थागत सुशासनमा विशेष ध्यान दिदै संस्थाले अन्य विषयहरुको अतिरिक्त देहाय बमोजिमका कदमको समेत अवलम्बन गरेको छ ।

क) यस संस्थाको संचालक समिति, व्यवस्थापन, शेयरधनीहरु, लगायत सम्पूर्ण सरोकारवालाहरुको हित संरक्षण तथा सम्वर्द्धन गर्न सदैव प्रतिबद्ध रहेको अवगत गराईन्छ । नेपाल राष्ट्र बैंक तथा विद्यमान ऐन कानून र अन्य नियमनकारी निकायहरुको निर्देशनको पालना गरि संस्थागत सुशासनको निरन्तर परिपालनाको लागि संचालक समितिले विभिन्न नीति, निर्देशिकाहरु तर्जमा गर्ने र उक्त नीति निर्देशनलाई व्यवस्थापनले कार्यान्वयन गर्दै आइरहेको छ ।

ख) संस्थागत सुशासन परिपालनाको लागि संस्थाको प्रबन्धपत्र, नियमावली, कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन विनिमयहरु, कर्जा लगानी तथा असुली निर्देशिका, कर्जा अपलेखन विनियमावली, समुह तालिम निर्देशिका, सुरक्षण कोष निर्देशिका र अन्य आवश्यक कार्यविधिहरु बनाई लागु गरेको छ ।

ग) संस्थाले आफ्नो कारोबार लाई चुस्त, दुरुस्त, छिटो, छरितो एवं आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन संचालक समिति तथा व्यवस्थापन तहमा लेखापरिक्षण समिति, व्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति, जोखिम व्यवस्थापन समिति तथा सम्पत्ति शुद्धीकरण अनुगमन समिति लगायत अन्य आवश्यक उप-समितिहरुको गठन गरेको छ ।

७) **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण** :

आजको मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु, कि मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सु-सूचित निर्णय लिन आवश्यक कुनै विवरण वा सूचना तथा जानकारीहरु लुकाइएको छैन ।